## प्रदेश सरकार

# श्रम तथा रोजगार प्रवर्द्धन नीति,२०७५

## कर्णाली प्रदेश, नेपाल

### १) पृष्ठभूमि

पेशा र रोजगारीबाट नै समाजमा आयको वितरण हुने भएकाले आयमूलक रोजगारीका अवसरहरुको सिर्जना गर्नु गरिबी निवारणको प्रमुख माध्यम हो । उत्पादकत्व वृद्धिबाट लगानीमा वृद्धि हुन गई गुणस्तरीय रोजगारीका अवसरहरु सिर्जना हुने भएकाले रोजगारदाता र श्रमिकबीच एक आपसमा सद्भाव, विश्वास र लाभमा आधारित सुमधुर श्रम सम्वन्धको स्थापना हुनु जरुरी हुन्छ । नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हकका साथै रोजगारी छनौट गर्न पाउने हक प्रदान गरेको छ । त्यसैगरी संविधानको धारा ३४ ले श्रमिकको परिभाषा सहित प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक दिएको छ । साथै सोही धाराले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाका साथै कानून बमोजिम ट्रेड युनियन खोल्ने, सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने हकको व्यवस्था गरेको छ । सुमधुर औद्योगिक श्रम सम्वन्ध सम्बन्धी विगतका राष्ट्रिय प्रयासहरुका कारण द्विपक्षीय तथा त्रिपक्षीय सम्वाद र संस्कृतिको विकास हुँदै गएको छ भने यसका लागि संरचनागत व्यवस्थाहरु पनि भएका छन् । यसै गरी बालश्रम तथा अनौपचारिक क्षेत्रको श्रमका सम्वन्धमा समेत सचेतना वृद्धि हुन थालेको छ ।

मुलुकको जनसंख्या वृद्दिका साथ साथै वर्षेनी करिव ५ लाखका दरले बजारमा थप श्रम शक्ति आउने गरेको छ । यो श्रम शक्तिका लागि पर्याप्त उत्पादनशील तथा आयमूलक रोजगारीका अवसरहरु सिर्जना हुन नसकेकाले श्रम आप्रवासनको प्रवृत्ति बढिरहेको छ । तुलनात्मक श्रम लाभको सिद्धान्त अनुसार कम विकशित र नेपाल जस्तो अतिकम विकशित देशको श्रम बजारमा वैदेशिक रोजगारको आकर्षण बढ्दै गएको छ । विगत केही वर्ष देखि वैदेशिक रोजगारका नयाँ गन्तव्य मुलुकहरु देखापरेका छन । यसबाट वैदेशिक रोजगार तत्कालको लागि बेरोजगारीको विकल्पका रुपमा देखा परेको छ । अझ कर्णाली प्रदेशको हकमा भन्नु पर्दा रोजगारमूलक औद्योगिक प्रतिष्ठानहरुको अभाव, मौसमी कृषि पेशामा आधारित आर्थिक अवस्था, अति विकट भु-धरातल र विपन्नताका कारण ठूलो श्रमशक्ति भारतीय बजार (कालापहाड) मा रोजगारीका लागि जाने गरेका छन ।नेपालीका लागि भारतको रोजगारी अमर्यादित, अव्यवस्थित र अस्थायी प्रकृतिको छ । यस प्रदेशबाट भारत बाहेकको वैदेशिक रोजगारीमा उल्लेखनिय पहुँच छैन । आर्थिक वर्ष २०७३/७४ मा यस प्रदेशबाट श्रम स्वीकृती लिनेको संख्या जम्मा ६७

जना(५९ जना पुरुष, ८ जना महिला) थिए (स्रोतः गर्भनेन्स फ्यासिलिटि, २०१८) । तसर्थ प्रदेशभित्र सुमधुर श्रम सम्वन्धको अभ्यासद्वारा लगानी मैत्री औद्योगिक वातावरण विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु तथा आवश्यकता अनुसार दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गरी माग र वितरणमा सन्तुलन कायम गर्नु यस प्रदेशको आवश्यकता रहेको छ ।

## २) हालको अवस्था

कर्णाली प्रदेशको जनसंख्या २०६८ सालको जनगणना अनुसार १५,७०४१८ रहेको छ जसमध्ये ५२.४९ प्रतिशत बालबालिका रहेका छन भनेआर्थिकरुपले सक्रिय जनसंख्या ४१.४ प्रतिशत रहेका छन् (स्रोतः सामाजिक तथ्याकं २०७५, केन्द्रीय तथ्याङ्क विभाग) ।हाल यो जनसंख्या १७ लाख पुगेको प्रक्षेपण छ । तथ्यांक अनुसार कर्णाली प्रदेशको गरिबीको रेखामुनी रहेकोजनसंख्या ३९.८ प्रतिशत र आर्थिकरुपले अति पछाडि परेका जनसंख्या ४४.२ प्रतिशत छ भने बहुआयामिक गरिबी ५१.२ प्रतिशत रहेको छ । यो नेपालको औसत बहुआयामिक गरिबी २८.६ प्रतिशतको तुलनामा ज्यादै उच्च हो । यो सूचकले शिक्षा, स्वास्थ्य, आर्थिक क्षमता, खानेपानी, आवास, सरसफाई, विद्युत जस्ता आधारभूत सुविधाहरुको उपलब्धता र पहुँचको दृष्टिकोणबाट ज्यादै न्यून रहेको देखाउछ । कृषितर्फ हेर्दा प्रदेशको जमिन मध्ये खेती योग्य जमिन १८ प्रतिशतमात्र रहेको छ भने सो को ७५.५ प्रतिशत जमिनमा मात्र खेती गरिएको देखिन्छ।त्यसमा पनि जम्मा २३ प्रतिशतमा मात्रै सिँचाई सुविधा पुगेको छ ।यसले गर्दा देशको कुल ग्रार्हस्थ उत्पादन मध्य कृषि उत्पादनको हिस्सा(३०%) मा यस प्रदेशको योगदान सबै भन्दा न्यून(४%) रहेको छ । नेपालको कूल साक्षरता प्रतिशत ६५.९ रहेकोमा कर्णाली प्रदेशको साक्षरता ५३ प्रतिशत रहेको छ (स्रोतः आर्थिक सर्वेक्षण २०७४/७५) । नेपालको मानव विकास सुचाङ्क ०.५४८ रहेकोमा यस प्रदेशको मानव विकास सुचाङ्क ०.४२६ रहेको छ ।

राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार देशभर रहेका जम्मा प्रतिष्ठानहरु (आर्थिक एकाईहरु) ९,२२,४४५ मध्ये यस प्रदेशमा सबैभन्दा कम ४२,८१७(४.६%) रहेको छ । ती मध्ये पनि अधिकांश साना तथा घरेलु प्रकृती रहेका छन् । प्रदेशको जनसंख्यासँग तुलना गर्दा यो संख्या प्रति एक हजार जनसंख्याको लागि करिव २४ वटा प्रतिष्ठान पर्दछन् । यी प्रतिष्ठानहरुले प्रदेशमा करिव १,३२,४२५ जनालाई रोजगारी प्रदान गरेको छ जुन सक्रिय जनसंख्याको सारै सानो हिस्सा हो । बाँकी जनसंख्या मध्ये केही मौसमी अनौपचारिक काममा संलग्न छन् भने ठूलो हिस्सा भारतका विभिन्न शहरहरुमा रोजगारीका लागि जानु पर्ने बाध्यता रहेको छ । व्यवसायिक विकास र स्वरोजगार प्रवर्धन गर्न वित्तीय सेवामा पहुँचको ठूलो भूमिका रहेको हुन्छ । यस्तो सेवा प्रदान गर्ने बैंक तथा वित्तीय संस्था यस प्रदेशमा सबै भन्दा कम जम्मा तीन प्रतिशत मात्र रहेका छन्। त्यो पनि अधिकांश जिल्लाका सदरमुकाममा केन्द्रित रहेका छन् ।

तथापी कर्णाली प्रदेश आफैमा सम्भावनाको खानी हो । प्रदेशभित्र उपलब्ध जलश्रोत, जडिबुटि, जंगल तथा पर्यटकीय स्थलहरुमा सरकारी तथा निजी क्षेत्रको लगानी बढाउन सके पर्याप्त मात्रामा आन्तरिक रोजगार प्रवर्द्धन हुन सक्ने देखिन्छ । व्यवसायिक तथा सीप विकास तालिमका लागि संरचनागत व्यवस्थाहरु तथा सीप र शिक्षाबीच तालमेल हुन नसक्दा श्रमबजारको माग अनुसारको अनुकुल श्रम शक्ति आपूर्ति हुन सकिरहेको छैन । यी कुराहरुको व्यवस्था मिलाउन सके प्रदेशमा कृषि, पर्यटन र जलस्रोत क्षेत्रमा पर्याप्त रोजगार सृजना गर्न सकिने अवस्था देखिन्छ । श्रम बजारका लागि अनुकूल जनशक्ति आपूर्ति गर्ने वातावरण तयार गर्न, उत्पादकत्व वृद्धि तथा लगानी प्रवर्द्धनका लागि औद्योगिक प्रतिष्ठान र श्रमिक बीच असल श्रम सम्वन्ध स्थापना गर्न र वैदेशिक रोजगारमा संलग्न नेपाली श्रमिकहरुको सीपलाई व्यवस्थापन गर्न नेपाल सरकारले राष्ट्रिय रोजगार नीति २०७१, वैदेशिक रोजगार नीति २०६८, श्रम तथा रोजगार नीति २०६२, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ ल्याई सोही अनुकुल ऐन, नियमावली, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । नेपालको संविधान अनुसार मुलुक तीन तहको संघीय संरचनामा गएको छ । कर्णाली प्रदेश सरकारले प्रदेश भित्र लगानीमैत्री वातावरण तयार गरी रोजगार प्रवर्द्धन गर्न, अनौपचारिक क्षेत्र समेतको नियमन गर्न, असल श्रम सम्वन्धको विकास गर्न, श्रमको सम्मान गर्ने सँस्कृतिको विकास गर्न र वैदेशिक रोजगारमा गएका कामदारको सेवा, सुरक्षा र हित प्रवर्धन गर्नका लागि यो नीति ल्याइएको छ ।

## ३) विद्यमान समस्या तथा चुनौती

- व्यावसायिक तथा सीप विकास तालिमका लागि संरचनागत व्यवस्थाहरु तथा सीप र शिक्षाबीच तालमेल हुन नसक्दा श्रमबजारको माग अनुसारको अनुकुल श्रम शक्ति आपूर्ति हुन सकिरहेको अवस्था छैन ।
- पछिल्लो समय श्रम बजार एवं प्रविधिको क्षेत्रमा तिव्र परिवर्तन भईरहेको छ । सो अनुकुलका श्रमशक्ति उत्पादन तथा भई रहेका श्रमशक्तिको क्षमता विकास हुन सकेको छैन।
- श्रम बजारमा सुचना प्रणालीको अभाव रहेको छ । तसर्थ श्रम बजारको व्यवस्थापन र नियमन चुनौतिपूर्ण बनेको छ ।
- श्रम सम्बन्ध व्यवस्थापन, सहजीकरण र नियमनका लागि प्रदेशमा श्रम प्रशासन सम्वन्धी निकाय/ संरचनाको अभाव रहेको छ ।
- प्रदेशको भौगोलिक अवस्था, सडक,विद्युत, दक्ष जनशक्ति जस्ता आवश्यक पूर्वाधारहरुको अभावका कारण औद्योगिक लगानी बढाई रोजगारी सिर्जना गर्ने कार्य चुनौतीपूर्ण छ ।

- अपर्याप्त सीप, तुलनात्मक लाभ र दीगो रोजगारीको अभावका कारण युवाहरु विदेश (भारत तथा अन्य मुलुक) जाने गरेकाले गाँउघरमा श्रम गर्ने उमेरका युवाहरुको अभाव हुँदै गएकोले कृषि उत्पादकत्वमा समेत नकारात्मक प्रभाव पारेको छ ।
- प्रदेशको आन्तरिक रोजगारीको माध्यम कृषि हो तर यहा कूल भूभागको जम्मा १८ प्रतिशत हिस्सा मात्रै खेतीयोग्य जमिन छ । तसर्थ उच्च पहाडी तथा हिमालय क्षेत्रमा कृषियोग्य जमिन सिमित रहेको स्थितीमा आन्तरिक रोजगारी सृजना गर्नु चुनौतीपूर्ण रहेको छ ।
- अधिकांश महिला घरायसी र अनौपचारीक क्षेत्रमा कार्यरत छन जसलाई उत्पादन मूलक काममा रुपान्तरण गर्न र सो को नियमन गर्न चुनौतिपुर्ण रहेको छ ।
- चीनको तिब्बती वजारमा सीमावर्ति क्षेत्रबाट केही संख्यामा श्रमिकहरु गैरकानूनी ढंगले जाने गरेका छन । त्यस्ता श्रमिकहरुको नियमन गर्ने निकाय र तथ्याक राख्ने व्यवस्था छैन ।
- प्रदेश भित्रै आकर्षक रोजगारीका अवसर सिर्जना गरी युवा जनशक्तिलाई स्थानीय स्तर मै टिकाउने कार्य चुनौतिपुर्ण रहेको छ ।
- यस प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका युवाहरु न्यून ज्यालामा भारतका विभिन्न शहरका बगैचा, पूर्वाधार निर्माण, जडिबुटि बेचबिखन, चौकिदारी आदी कार्यमा संलग्न भै जीवन निर्वाह गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । यस्ता रोजगारी नियमित नभई मौसमी प्रकृतिका रहेका छन् । खुला सिमानाका कारण रोजगारीका लागि भारत जाने श्रमिकहरुको अभिलेख  व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेकोछ ।
- भारत लगायत तेश्रो मुलुकमा रोजगारीका लागि युवाहरु पलायन हुँदा पारिवारीक विखण्डन लगायतका सामाजिक लागत त बढ्दो छ नै, आकर्षक वैदेशिक रोजगारीका नाममा ठगी र मानव बेचबिखन पनि मौलाइरहेको छ ।
- वैदेशिक रोजगारीका लागि विदेश गएका श्रमिकहरुको सामाजिक सुरक्षा र पुनःएकिकरण कार्यका लागि प्रदेश भित्र नीतिगत र संरचनागत व्यवस्थाको अभाव छ ।
- मानव बेचबिखनका घटनाहरु दिनप्रतिदिन बढिरहेका छन् । विशेष गरी भारतमा महिला तथा बालबालिकाहरु यौनजन्य व्यवसाय तथा सर्कसमा जोखिमपूर्ण काम गरिरहेको पाइन्छ ।
- उपयुक्त पुनस्थापनाको कार्य हुन नसक्दा बालश्रम तथा वाध्यकारी श्रम उन्मुलन गर्न र प्रदेश भित्र अनौपचारिक क्षेत्रको श्रम र रोजगारीको लेखाजोखा हुन नसकेकोले यसको व्यवस्थापकीय कार्य चुनौतीपूर्ण रहेको छ ।

## ४) नीतिको आवश्यकता

श्रम तथा रोजगारका क्षेत्रमा माथि उल्लेखित समस्या तथा चुनौतिहरुलाई यथोचित सम्वोधनका लागि प्रदेशमा रोजगार सृजना गर्न, श्रमिकको माग र आपूर्ति बिच सामाञ्जस्यता कायम गर्न र श्रम प्रतिको सम्मान जगाउन आवश्यक भएको छ । यसै गरी रोजगार सिर्जना गर्ने कार्य अन्तर सम्वन्धित विषय

पनि हो । यो कुनै एक निकायको मात्र जिम्मेवारी नभएको हुँदा सवै सरोकारवाला निकाय बीच समन्वय कायम गरी रोजगारी प्रवर्द्धन हुने कार्यका लागि नीतिगत दायरामा समेट्न, नेपालको संविधानले नागरिकलाई प्रदत्त गरेको रोजगारी तथा श्रम सम्वन्धी हकको सम्वर्धन गर्न र समृद्ध कर्णाली निर्माणका लागि रोजगारमूलक लगानीका क्षेत्रहरु पहिचान गरी त्यस तर्फ जनशक्ति परिचालन गर्न प्रस्तुत नीति ल्याउनु आवश्यक भएको छ ।

## ५) दुरदृष्टि (Vision)

प्रदेश भित्र श्रम गर्ने उमेरका श्रम शक्ति (जनशक्ति) लाई प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा प्रतिष्पर्धा गर्न सक्ने बनाउनु तथा असल श्रम सम्वन्धद्वारा लगानीमैत्री वातावरणको विकास गरी सक्षम श्रम बजारको प्रवर्द्धन गर्दै प्रदेशलाई सम्वृद्ध बनाउनु श्रम तथा रोजगार नीतिको दीर्घकालीन सोच (vision) रहेको छ।

## ६) लक्ष्य (Mission)

प्रदेश भित्रका सम्वद्ध सवै क्षेत्र र निकायहरुसँग समन्वय कायम गरी मर्यादित, सुरक्षित र उत्पादनशील श्रम सम्बन्ध तथा रोजगार प्रवर्द्धनका लागि जिम्मेवार बनाई श्रमको सम्मान गर्ने सँस्कृतिको विकास गर्नेयस नीतिको लक्ष्य रहेको छ ।

## ७) उद्देश्य ( Objectives)

- प्रदेशभित्रका सवै नागरिकका लागि उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीका अवसर सृजना गर्ने ।
- प्रदेशभित्र तथा राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका माग अनुसार दक्ष, सीपयुक्त र प्रतिष्पर्धी जनशक्तीको विकास गरी स्वदेश तथा विदेशमा उनीहरुको रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने ।
- असल श्रम सम्वन्धको विकास गरी रोजगारमूलक लगानीलाई प्रवर्द्धन गर्ने ।
- रोजगार प्रवर्द्धनसँग सम्वन्धित क्षेत्रगत नीति र क्रियाशील संरचना/ निकायहरुबीच समन्वय र सामञ्जस्यता कायम गरी रोजगारी सिर्जना तर्फ एकिकृत रुपमा केन्द्रित गराउने ।

## ८) नीतिः

१) प्रदेशभित्र र राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा तुलनात्मक लाभ हुने रोजगारका अवसरहरुको पहिचान र प्रवर्द्धन गर्ने ।

२) श्रम बजारको माग अनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका सम्भावनाहरु वृद्धि गर्ने ।

३) प्रदेशमा विद्यमान अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा क्रमशः रुपान्तरण गर्ने ।

४) बालश्रम, बाधा श्रम तथा बाध्याकारी श्रम अभ्यासलाई उन्मूलन गर्दै रोजगारीमा महिला तथा सिमान्तकृत वर्गको समान पहुँच बढाइने ।

५) रोजगारमूलक लगानीको प्रवर्द्धनका लागि सुमधुर श्रम सम्वन्धको विकास गर्न आवश्यक कानुनी एवम् संरचनागत व्यवस्था मिलाउने ।

६) वैदेशिक रोजगार व्यवस्थापनलाई सुधार गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र लाभयुक्त बनाउने ।

७) वैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने वातावरण बनाउने ।

## ९) रणनीतिहरुः

**नीति (१) प्रदेशभित्र र राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा प्रतिफलमूलक रोजगारका अवसरहरुको पहिचान र प्रवर्द्धन गर्ने ।**

१) प्रदेश भित्र उपलब्ध रोजगारका अवसर तथा सम्भावनाहरुको खोजी तथा अध्ययन गर्ने र सो बमोजिम आवश्यकता पहिचान गरी रणनीतिक कार्य योजना बनाई रोजगार प्रवर्द्धनको कार्यलाई व्यापक बनाईनेछ ।

२) भारत, चीन लगायत अन्य अन्तराष्ट्रिय श्रम बजारका सम्भाव्यताहरुको अध्ययन गर्ने र सो अनुकूल दक्ष र प्रतिष्पर्धी जनशक्ति तयार गरी रोजगारीबाट प्राप्त हुने लाभलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न प्रेरित गरिनेछ ।

३) आकर्षक श्रम बजारको खोजी र प्रवर्द्धनमा सार्वजनिक निजी तथा साझेदार संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाईने छ ।

४) स्थानीय श्रोत, सीप र श्रममा आधारित उद्योगलाई प्रोत्साहन गर्न तथा उद्योग स्थापना र संचालन सम्वन्धी व्यवस्थापकीय प्रकृयालाई सहज र सरल बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

५) प्रदेश भित्र रोजगार प्रदान गर्ने उद्योग व्यवसायलाई रोजगारीका आधारमा कानुन बमोजिम आवश्यक सुविधा र सहुलियत प्रदान गरिनेछ ।

६) प्रदेशभित्र सडक, यातायात, जलविद्युत, पर्यटन लगायतका क्षेत्रसँग सम्वन्धित साना, मध्यम र ठूला आयोजनाहरुको विकास र संचालन गर्दा प्रदेश भित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ । यसको लागि स्थानीयस्तरमा निर्माण कार्यदल गठन गरी श्रमशक्तिलाइ सगठित गरिने छ ।

७) प्रदेशभित्र उपलब्ध रोजगार बारे प्रचार प्रसार गरी रोजगारदाता र श्रमिकलाई रोजगार सेवाबारे जानकारी प्रदान गर्न रोजगार बैंकको स्थापना गरी रोजगार विनियम सेवाको व्यवस्था गरिनेछ ।

८) प्रदेशमा श्रमिकका माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन एक आधुनिक रोजगार सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

९) प्रदेशभित्र रोजगार सिर्जनासँग सम्बन्धित निकाय, संस्था, आयोजना, परियोजना बीच समन्वय कायम गरी रोजगार प्रवर्द्धनको कार्यलाई तीव्रता दिन प्रादेशिक स्तरमा रोजगार प्रवर्द्धन सम्वन्धी संरचना बनाइने छ ।

१०) बेरोजगारहरुको लगत लिइ वर्ष भरी नै बेरोजगार रहेका स्थानीय व्यक्तिहरुलाई कम्तिमा १०० दिन रोजगारीको सुनिश्चितता गरिने कर्णाली रोजगार योजना सञ्चालन गरिनेछ । नेपाल सरकारको प्रधानमन्त्रि रोजगार योजनामा दोहोरो नपर्ने गरी कर्णाली रोजगार योजना सञ्चालन गर्न स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ ।

**नीति (२) सँग सम्वन्धित रणनीतिः बजारको माग अनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका सम्भावनाहरु वृद्धि गर्ने ।**

१) प्रदेशभित्र उपलब्ध जनशक्ति, सीपयुक्त जनशक्ति उत्पादन गर्ने निकाय र श्रम बजारका लागि आवश्यक पर्ने दक्ष जनशक्तिबारे विस्तृत अध्ययन गराई प्रदेशका लागि आवश्यक मानव संसाधन योजना तयार गरिनेछ ।

२) मध्यम र उच्च स्तरका जनशक्ति तयार गर्न स्थानीय तहसँग समन्वय गरेर व्यवसायिक शिक्षालाई प्राविधिक र व्यावसायिक बनाउदै लग्नुका साथै वन, कृषि, चिकित्सा, विज्ञान, इन्जिनियरिङ्ग, सूचना तथा प्रविधि र व्यवस्थापन जस्ता विषयहरुमा उच्च शिक्षा प्रदान गर्न सवै जिल्लामा क्रमशः उच्च शिक्षालय स्थापना एवम विस्तार गरिनेछ ।

३) प्रदेशका युवाहरुलाई बजारको माग अनुसार व्यवसायिकरुपमा दक्ष र सीपयुक्त बनाउन प्रदेशमा एक मानव ससाधन विकास केन्द्र स्थापना गरिनेछ ।

४) आर्थिकरुपले विपन्न युवा तथा महिला, सीमान्तकृत तथा अल्पसंख्यक समुदाय, पिछडिएको वर्ग/ समुदायलाई निःशुल्क आवासीय उद्यमशीलता तथा रोजगारमूलक तालिम प्रदान गरिनेछ ।

५) प्रदेशभित्र दक्ष र सीपयुक्त जनशक्ति तयार पार्ने तथा सम्वद्ध निकायबीच प्रभावकारी समन्वय कायम गर्न प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको स्थापना गरिनेछ । साथै उच्च पहाडी तथा हिमाली भेगलाई आवश्यक पर्ने उच्च स्तरको जनशक्ति तयार गर्न तथा अनुसन्धान गर्न एक पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गरिनेछ ।

६) रोजगारी र व्यावसायिक शिक्षा तथा तालिमबीचको अन्योन्याश्रित सम्वन्धलाई उजागर गर्न युवाहरुलाई उद्यमशीलताप्रति आकर्षित गर्न र श्रम र श्रमिकप्रति सम्मान गर्न विविध सचेतना कार्यक्रमहरु अभियानका रुपमा संचालन गरिनेछ ।

७) उच्च तहको प्राविधिक शिक्षामा पिछडिएका, आर्थिक रुपले विपन्न, सिमान्तकृत वर्ग र समुदायको सहभागिता वृद्धि गर्न छात्रवृत्ति, शैक्षिक कर्जा तथा अन्य सुविधा र सहायता प्रदान गरिनेछ ।

८) प्रत्येक स्थानीय तहमा सञ्चालित रोजगार सूचना केन्द्रहरुबाट सूचना सङ्कलन गरी प्रदेशस्तरको रोजगार सूचना पोर्टल तयार गरिनेछ ।

९) स्थानिय स्तरमा रोजगार सिर्जना गर्न सक्ने उद्योग व्यवसायलाई स्तर वृद्दी गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

१०) उच्च मूल्य प्रारङगीक खेती (High value organic farming), औषधीजन्य जडीबुटी तथा पर्या-पर्यटन (Eco-tourism) मार्फत हरित रोजगारी (GreenJob) सिर्जना गरिनेछ । त्यसका लागि हरित लगानी (Green Investment) का लागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरु जुटाइनेछ ।

**नीति (३) सँग सम्वन्धित रणनीतिः प्रदेशमा विद्यमान अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा क्रमश रुपान्तरण गरिने ।**

१) अनौपचारिक तरिकाबाट प्राप्त सीप र दक्षतालाई औपचारिक उद्योग व्यवसायमा रुपान्तरण गर्न, अनौपचारिक शिक्षा, उद्यमशिलता, सीप र क्षमता विकास तथा पुर्नताजगी तालिम प्रदान गरिनेछ ।

२) लोपोन्मुख, सिमान्तकृत र पिछडिएको समुदायले आर्जन गरेको परम्परागत सीप र पेशालाई सहकारीमा आवद्ध गराई व्यावसायमुखी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३) अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेशा व्यावसायको स्थापना, परामर्श, सूचना, व्यवस्थापन, वित्तीय सेवामा पहुँच पुर्याउन विशेष व्यवस्था गरिने छ ।

४) अनौपचारिक पेशामा संलग्न समुदायको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गरी उनीहरुको पेशा र व्यावसायलाई सामाजिक सुरक्षासँग आवद्ध गरिनेछ ।

५) उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिइ रोजगारीमा संलग्न गराइने छ।

६) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई श्रमिक सहकारीमा आवध्द गरी संस्थागत गरिने छ ।

**नीति (४) सँग सम्वन्धित रणनीतिः बालश्रम, बाधा श्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्दै रोजगारीमा महिला, सीमान्तकृत वर्गको समान पहुँच बढाइने ।**

१) प्रदेश भित्र बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलनका लागि कानुन बनाई बालबालिकालाई श्रमिकका रुपमा काम लगाउने उपर कारवाही गर्ने व्यवस्था मिलाईनेछ ।

२) हाल प्रदेशभित्र श्रमिकका रुपमा काममा लगाईएका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको उद्धार, व्यवस्थापन र पुनःस्थापनाको कार्य गरिनेछ ।

३) रोजगारीमा महिला तथा पुरुष एवम अन्य कुनै वर्गीय विभेद नगरी कानुन बमोजिम समान कामका लागि समान ज्याला दिने व्यवस्था मिलाईनेछ ।

४) प्रदेशभित्र वादि, हलिया जस्ता कुरीतिका रुपमा चलिआएका बाध्यकारी श्रमलाई उन्मूलन गर्न कानुनी दायरामा ल्याइने छ साथै यस सम्बन्धी विविध कार्यक्रम ल्याई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

५) आर्थिकरुपले विपन्न, दलित, पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायहरुको लागि सीप तथा क्षमता वृद्धि कार्यक्रमहरु संचालन गर्नुका साथै कानून बमोजिम रोजगारीमा आरक्षणको व्यवस्था गरिनेछ ।

६) श्रम बजार तथा रोजगारीको क्षेत्रमा समान पहुँच हुने र लैङ्गिक मैत्री तथा समावेशी हुने सुनिश्चितता गरिनेछ।

७) कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा जातिय विभेदलाई दण्डको दायरामा ल्याइने छ ।

८) प्रतेक नागरिकलाइ जुनसकै पेशा तथा रोजगार गर्न पाउने हकको संरक्षण हुने व्यवस्था गरिने छ ।

**नीति (५) सँग सम्वन्धित रणनीतिः रोजगारमूलक लगानीको प्रवर्द्धनको लागि सुमधुर श्रम सम्वन्धको विकास गर्न आवश्यक कानूनी एवम संरचनागत व्यवस्था र सुधार गर्ने ।**

१) असल श्रम सम्वन्ध स्थावना गर्न तथा पेशा, काम र श्रम प्रति सम्मान गर्ने सँस्कृतिको विकास गर्न सवै सरकारी निकाय तथा निजी एवं सार्वजनिक संस्थाहरुलाई महिनामा दुइ दिन श्रम स्वयंमसेवा अभियान कार्यान्वयन गरिनेछ ।

२) उद्योग प्रतिष्ठान, व्यवसाय, आयोजना परियोजनाहरुमा श्रमिकहरुको प्रतिष्ठा स्थापित गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुलाई समेत मध्यनजर गरी मर्यादित श्रम (Decent Work) मापदण्डहरु निर्धारण गरी लागू गरिनेछ ।

३) श्रमको लाभमा न्यायिक पहुँच पुर्याउनका लागि नेपाल सरकारले तोकेको श्रमिकको न्यूनतम ज्याला तथा पारिश्रमिक पाउने सुनिश्चितता गरिनेछ ।

४) सुमधुर औद्योगिक सम्वन्धको विकासका लागि प्रदेश सरकार, रोजगारदाता र श्रमीकबीचको सहकार्यलाई निरन्तरता दिइनेछ ।

५) श्रमिकहरुको हित प्रवर्द्धन, गुनासो व्यवस्थापन,औद्योगिक प्रतिष्ठानहरुको नियमित अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्न, त्रिपक्षीय र द्विपक्षीय परामर्श तथा वार्ताका लागि सहजीकरण गर्न नेपाल सरकारको समन्वयमा प्रदेश स्तरीय श्रम कार्यालयको स्थापना गरिनेछ ।

६) कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गर्न व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको प्रवर्द्धनका लागि अध्ययन गरिनेछ । साथै व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्वन्धी कार्यविधि र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

७) नेपाल सरकारसँग समन्वय गरी अशक्त, अपांगता भएका, कडा रोग लागेका, अति विपन्न श्रमिक र तिनका परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रम ल्याई कार्यान्वयन गरिनेछ ।

८) नेपाल सरकारबाट सञ्चालन गरिएका योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बीमा कार्यक्रममा सबै श्रमिक तथा स्वरोजगार संलग्न हुने वातावरण तयार गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

९) नेपाल सरकारले अंगीकार गरेको प्रत्येक स्थानीय तहमा उद्योगग्राम स्थापना गर्ने कार्यलाई प्रदेश तहबाट आवश्यक सहयोग जुटाई स्थानीय स्तरमा रोजगार प्रवर्द्धन हुने कार्य गरिनेछ।

१०) भूमीहिन किसानहरुका लागि निजी, सार्वजनिक तथा वन क्षेत्रमा समेत कृषि तथा वनजन्य (Agro-(forestry) उच्च मूल्य वस्तु उत्पादनका लागि करार खेती (Lease Farming), सहकारी खेती तथा सामुहिक खेती प्रणालीको व्यवस्था मिलाइने छ ।

**नीति (६) सँग सम्वन्धित रणनीतिः वैदेशिक रोजगार व्यवस्थापनलाई सुधार गर्दै वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र लाभयुक्त बनाउने ।**

१) प्रदेशबाट भारत लगायत विभिन्न मुलुकमा वैदेशिक रोजगारीका लागि जाने नागरिकहरुको अभिलेख व्यवस्थापन गरिनेछ ।

२) वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने सीपको विकास गर्ने र सचेतना जगाउने सम्वन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३) वैदेशिक रोजगारीका नाममा हुने ठगी तथा मानव बेचबिखनलाई न्यूनीकरण गर्न प्रदेश स्तरमा गुनासो सुन्ने एकाईको व्यवस्था गरी पीडकलाई कानूनी कारवाही गर्ने व्यवस्था मिलाईने छ ।

४) वैदेशिक रोजगारीमा जानु अघि जान्नै पर्ने लाभ, लागत, जोखिम र सचेतना जस्ता विषयमा प्रत्येक स्थानीय तहसँग समन्वय गरी नियमित रुपमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाइने छ ।

५) प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने र पुनः जान चाहने कामदारका लागि श्रम स्वीकृति प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ ।

६) प्रदेशबाट रोजगार प्रवर्द्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्दार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त अपांगलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरु प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**नीति (७) सँग सम्वन्धित रणनीतिः वैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी रोजगार सिर्जना गर्ने वातावरण बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने ।**

१) वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क संकलन गरी उनीहरुले सिकेको ज्ञान र सीपलाई क्षेत्रगत हिसावमा वर्गिकरण गरिनेछ ।

२) वैदेशिक रोजगारीबाट सिकेको ज्ञान र सीपलाई सीप परिक्षण गराई प्रदेशभित्रै त्यस्ता व्यवसाय गर्न आवश्यक सहयोगको व्यवस्था गरिने छ ।

३) वैदेशिक रोजगारीबाट फर्केका बेरोजगार युवाको ज्ञान र सीपलाई उपयोग गर्न उद्यमशिलता विकास गर्ने जिल्लागत रुपमा विभिन्नकार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४) वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको ज्ञान र सीपलाई प्रयोग गरी देशमै टिकाई राख्न पुनःस्थापना र पुर्नःएकिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५) भारतमा आधारित असुरक्षित तथा अनियमित रोजगारीमा भर पर्नु पर्ने प्रवृत्तीलाई हटाउन स्थानीय तहमै रोजगारी सृजना हुने कार्यक्रम सञ्चालन गरिने ।

६) वैदेशिक रोजगारीबाट फर्केका तथा स्थानीय तहमा उद्यम गर्न चाहने युवाहरुलाई वित्तीय सेवामा पहुँच पुर्याउन वित्तीय संस्थाहरुको विस्तारमा प्रोत्साहन गरिनेछ । सामुदायिक बैङ्किग प्रणाली (Community Banking Approach) लाई प्रदेशको सबै स्थानहरुमा प्रवर्द्धन गर्न विशेष व्यवस्था गरिनेछ ।

**१०) नीति कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

१. रोजगार सिर्जना, श्रम व्यवस्थापन तथा स्वरोजगार प्रवर्द्धन अन्तर सम्वन्धित विषय हुन । प्रस्तुत श्रम तथा रोजगार नीतिको कार्यान्वयन गर्नु सम्वन्धित मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तह, निजी क्षेत्रका सरोकारवाला तथा विभिन्न संघसंस्थाहरुको जिम्मेवारी रहनेछ ।

२. स्थानीय स्तरमा सानातिना पूर्वाधार निर्माण तथा अन्य विभिन्न रोजगारमूलक कार्यमा सघाई रोजगार प्रवर्द्धनमा सहयोग पुर्याउन स्वंयसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नीति कार्यान्वयनको कार्ययोजना अनुगमन, मूल्याकंन, परामर्श, निर्देशन र समन्वयका लागि प्रदेशस्तरमा तपसील बमोजिमको श्रम तथा रोजगार नीति निर्देशन, अनुगमन तथा मूल्यांकन समिति रहेनछ ।

क) सामाजिक विकास मन्त्रालयका मन्त्री - संयोजक

ख) प्रदेश योजना आयोगका सवन्धित सदस्य - सदस्य

ग) प्रदेश मन्त्रालयका सचिवहरु - सदस्य

घ) प्रदेश उद्योग वाणिज्य महासंघका प्रमुख - सदस्य

ङ) प्रदेशस्तरका ट्रेड युनियनका प्रतिनिधि दुई जना - सदस्य

च) प्रदेशस्तरका प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाका प्रमुखहरु मध्येबाट प्रदेश सरकारले मनोनित गरेका एक जना - सदस्य

छ) स्थानीय तहका प्रतिनिधि मध्ये सामाजिक विकास मन्त्रालयले मनोनित गरेका एक जना महिला र एक जना दलित गरी दुई जना - सदस्य

ज) सामाजिक विकास मन्त्रालयको प्रशासन तथा योजना महाशाखा प्रमुख - सदस्य सचिव

४. नीति कार्यान्वयनको लागि नेपाल सरकारसँग समन्वय गरी प्रदेश स्तरीय कानून तर्जुमा गरी लागू गरिनेछ ।

५. नीति कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा स्थानीय तहको सहभागितालाई सुनिश्चित गरिनेछ ।

६. नीति कार्यान्वयनका लागि नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त बजेट, निजि क्षेत्र र विकास साझेदारबाट सहयोग स्वरुप प्राप्त हुने रकम प्रयोग गरिनेछ ।

७. प्रदेश सरकारले प्रदेश भित्र रोजगार प्रवर्द्धन तथा श्रमिक र रोजगारदाताको बृहत्तर हितलाई दृष्टिगत गरी श्रम तथा रोजगार प्रवर्द्धन नीति प्रथम पटक तर्जुमा गरेको छ । यसको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी समय सापेक्ष सुधार गर्दै लगिने छ ।